लेखापरीक्षण प्रतिवेदन

मेलौली नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मेलौली नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/807

श्रीमान् नगर प्रमुखज्यू,
मेलौली नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बैतडी।

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/807

श्रीमान् नगर प्रमुखज्यू ,

मेलौली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बैतडी।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. नगर पालिकाकाको आय र व्यय तर्फ रू. १ अर्ब १५ करोड १३ लाख ७२ हजार लेखापरीक्षणबाट रू. १ करोड ३८ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू. १८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.७ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६३ लाख ५७ हजार , नियमित गर्नुपर्ने रू.५९ लाख ७२ हजार र पेश्की ८ लाख ३० हजार जम्मा रू. १ करोड ३८ लाख ६५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू. २५ करोड ८३ लाख ८२ हजारमा यो वर्ष सम्परीक्षण भएको रू. २४ लाख ६९ हजार घटाइ बाँकी बेरुजुमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. २६ करोड ९७ लाख ७८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५७	७०	१,३८,८२,७६४	०	१	१८,०००	०	५७	६९	१,३८,६४,७६४	७,०५,०१९	५९,७२,२९०	६३,५७,४५५	०	०	१,२३,२९,७४५	८,३०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बैतडी	२५,८३,८२,४९२	०	२४,६९,१५२	२५,५९,१३,३४०	०	१,३८,६४,७६४	२६,९७,७८,१०४

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट				
१	२०८१/८२	५२	बढी भुक्तानी	१८,०००
जम्मा				१८००
२	२०८०/८१	४७.१	सामाजिक सुरक्षा	१९,१५२
३	२०८०/८१	१९	म्याद नाघेको पेश्की	५,५०,०००
४	२०८०/८१	१९	बिशेष अनुदान बाँकी	१९,००,०००
जम्मा				२४,६९,१५२

कुल जम्मा	२४,८७,१५२

मेलौली नगरपालिका, बैतडी

(८०७७४४०४३००)

मेलौली नगरपालिका , बैतडी

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, क्षेत्रफल ११९.४३ वर्ग किलोमिटर तथा जनसंख्या २२५४५ रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।११ देखि २०८२।५।१३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको , आय – व्ययतर्फ रु. १ अर्ब १५ करोड १३ लाख ७२ हजार १२८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८९२२४४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	बिवरण	रकम रु.
१	विभिन्न कर्मचारीको पारिश्रमिक कर तथा बैठक भत्ता बढी भूक्तानी भएको रकम असुल गरि दाखिला गरेको प्रमाण पेश भएको छ।	११६६९५
२	३ विद्यालयलाइ तलबमा बढी निकासा भएको रकम दाखिला गरि प्रमाण पेश भएको।	६०७४५१
३	६ विद्यालयको दिवा खाजा वापतको रकम असुल भइ दाखिला भएको प्रमाण पेश भएको छ।	१०९७००
४	३ वटा विद्यालयको पाठ्य पुस्तकको बढी भएको रकम अशुल गरि दाखिला भएको प्रमाण पेश भएको छ।	५८३९८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति						
११०००	कर	९३८१७५९२	०	९३८१७५९२	८३५००७०६	०	८३५००७०६
१३०००	अनुदान	३३८३२४६९३	०	३३८३२४६९३	३३५४५०३८५	०	३३५४५०३८५
१४०००	अन्य राजस्व	१५८४७१	०	१५८४७१	३७५२७५	०	३७५२७५
१५०००	विविध प्राप्ति	०	०	०	०	०	०
क	कुल जम्मा प्राप्ति	४३२३००७५७	०	४३२३००७५७	४१९३२६३६७	०	४१९३२६३६७
३	चालु	३३६७६६६८१	०	३३६७६६६८१	३३६४८२३३१	०	३३६४८२३३१
२१०००	पारिश्रमिक / सुविधा	२०१९९४४०३	०	२०१९९४४०३	२०४४८५३१४	०	२०४४८५३१४
२२०००	मालसामान तथा सेवाको उपयोग	७६५०८८१७	०	७६५०८८१७	६४९६०९७५	०	६४९६०९७५
२५०००	सहायता (Subsidy)	३५६९५७४२	०	३५६९५७४२	२७८३५२०८	०	२७८३५२०८
२७०००	सामाजिक सुरक्षा	२१५५०२२०	०	२१५५०२२०	११८८७७२१	०	११८८७७२१
२८०००	अन्य खर्च	१०१७५००	०	१०१७५००	१७९४८००	०	१७९४८००
४	पूंजीगत	१०८११६७८८		१०८११६७८८	८८०७६१०७		८८०७६१०७
३१११०	भवन तथा संरचना	१५८५४२६२		१५८५४२६२	१२७२१२३५		१२७२१२३५
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	८८१०१८६		८८१०१८६	३५४४७३३		३५४४७३३
३११३०	अन्य पूँजीगत खर्च	१५५९००		१५५९००	३९९९९३		३९९९९३
३११५०	सार्वजनिक निर्माण	८०९५०९५८		८०९५०९५८	६५५९७४८३		६५५९७४८३
३११६०	निर्मितसरचनाको सुधार खर्च	१३५८६१०		१३५८६१०	३४८०४०		३४८०४०
३११७०	पूँजीगत सुधार खर्च	९८६८७२		९८६८७२	५१७२९१३		५१७२९१३
३१४४०	अपृष्य सम्पत्ती प्राप्ती खर्च	०	०	०	१०००००	०	१०००००
५	वित्तीय	०	०	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी	४४४८८३४६९	०	४४४८८३४६९	४२४५५८४३८	०	४२४५५८४३८
ग)	बचत /कमी (ग = क-ख)	-१२५८२७१३		-१२५८२७१३	-५२३२०७१		-५२३२०७१
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको	-६१७९४५६		-६१७९४५६	-३०१८७८		-३०१८७८

	मौज्दातको थप/घट (+/-)						
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	०		०	०		०
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-१८७६२१६९		-१८७६२१६९	-५५३३९४९		-५५३३९४९
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	६९७२०८७५		६९७२०८७५	६९०३३९५४		६९०३३९५४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन	०		०	०		०
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	५०९५८७०६		५०९५८७०६	६३५०००५		६३५०००५

३ **एकिकृत आर्थिक विवरण**

प्राप्ति			भुक्तानी		
विवरण		रकम	विवरण		रकम
सुरु मौज्दात		६३५०००० ५	**चालु खर्च**		३३६७६६६८१
१.संचित कोष	४५०४८८९४		१.पालिका तर्फ	१२५५०३२१६	
२.धरौटी	८२८७६१३		२. संघीय सशर्त	२११९५१२९०	
३.कार्यसञ्चालन कोष	८५५५२७		३. संघीय विशेष	०	
४. अन्य कोष	९३०७९७०		४. प्रदेश सशर्त	११२१७५	
यस वर्षको आय		०	५. प्रदेश विशेष	०	
१.आन्तरिक आय		४७३२४१७	**पुँजीगत खर्च**		१०८२८७३९१
२. वित्तीय हस्तान्तरण (संघ)		३९३४३२४४०	१.पालिका तर्फ	७४६६४३२३	
क) समानीकरण अनुदान	८४०५२१६०		२. संघीय सशर्त	३५४७३५८	
ख) राजस्व बाँडफाँट	८४७३९४६३		३. संघीय विशेष	९९४२१६९	
ग) सशर्त अनुदान	२१४६९८६४८		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	११०६६६८५	
ङ) विशेष अनुदान	९९४२१६९		६. प्रदेश विशेष	४४३३६६८	
च) रोयल्टी	०		७. प्रदेश समपुरक	४६३३१८८	
छ) अन्य	०		**अन्तर सरकारी अख्तियारी (संघ)**		१२८४१६६११
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३४१३५९००	क) सामाजिक सुरक्षा	११६३२७१२६	
क) समानीकरण अनुदान	९३८६०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३२५२९६	
ख) राजस्व बाँडफाँट	४५०४१८४		ग) उच्च पहाडी एवँ हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	३३५९९५०	
ग) सशर्त अनुदान	१११७८८६०		घ)विद्यालय शिक्षा क्षेत्र योजना	१९२०००	
घ) समपुरक अनुदान	४६३३१८८		ङ)घरेलु तथा साना उद्योग प्रवद्वन केन्द्र	५२१२२३९	
ङ) विशेष अनुदान	४४३३६६८		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
च) रोयल्टी	०		**ऋण फिर्ता(साँवा)**		
छ) अन्य	०		**ऋणको ब्याज भुक्तानी**		
४. अन्तर सरकारी अख्तियारी (संघ)		१२८४१६६११	**धरौटी फिर्ता तथा सदर स्याहा**		२४८११५४
क) सामाजिक सुरक्षा	११६३२७१२६		**कार्यसञ्चालन कोषबाट भएको खर्च**		६०९०१७८
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३२५२९६		**अन्य कोषबाट भएको खर्च**		

ग) उच्च पहाडी एवँ हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	३३५९९५०		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		
घ)विद्यालय शिक्षा क्षेत्र योजना	१९२०००		**अन्य सहयोगमा सञ्चालित योजना**		
ङ)घरेलु तथा साना उद्योग प्रवद्वन केन्द्र	५२१२२३९		**अन्यखर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		०	**अनुदान फिर्ता**		
६. ऋण/ वित्तीय व्यवस्था		०	१. संघ तर्फ		
७. धरौटी आय		२०३८८२२	क) सशर्त अनुदान		
८. कार्यसञ्चालन कोष आय		६२२०८७०	ख) विशेष अनुदान		
९. अन्य कोषको आय		३५३०५४	ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना		०	२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना		०	क) सशर्त अनुदान		
१२. अन्य आय भएमा		०	ख) विशेष अनुदान		
		०	ग) समपुरक अनुदान		
		०	**अन्तिम मौज्दात**		५०७८८१०३
		०	१. संचित कोषको मौज्दात	३२२९५५७९	
		०	२. धरौटी	७८४५२८१	
		०	३. कार्यसञ्चालनकोष	९८६२१९	
		०	४. अन्यकोष	९६६१०२४	
जम्मा		६३२८३०११८	**जम्मा**		६३२८३०११८

४ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। पालिकाले स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.३३२५२९५।००, उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रममा रू. ३३५९९५०।०० विद्यालय शिक्षा क्षेत्र योजनामा रु.१९२०००/०० घरेलु तथा साना उद्योग प्रवद्वन केन्द्रमा रु.५२१२२३८ ।८९ र सामाजिक सुरक्षा तथा संरक्षणको रू.११६३२७१२६।४२ समेत गरी रू.१२८४१६६११।०१ सुत्रमा समावेश नभएकोमा एकिकृत विवरणमा समावेश गरेको छ ।

५ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रू.५०९५८७०५।७४ र बैङ्क अनुसार मौज्दात रू.५०७८८१०२।७४ देखियो। रु.१७०६०३।०० वढी कर ईएफटी भएकोले मौज्दात फरक परेको छ ।

६ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.४७३२४१६।७०।०० राजस्व बाँडफाँडबाट रू.८९२४३६४६।३१, अनुदानबाट रू. ३३८३२४६९३।४९तथा अन्य प्राप्ती रू. १३७०२९३५६।७५ लगायत रू.६२२८३०११८।०९ प्राप्ती भएकोमा चालु तर्फ रु. ३३६७६६६८१।४८।०० र पुँजीगत तर्फ रू.१०८२८७३९०।६० र अन्य खर्च तर्फ रु.१३२६८७९४३।२७ समेत रु.५८२०४२०१५।३५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ७८ प्रतिशत चालु र २२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ।

७ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१०८२८७३९०	४१४२१७२	२५३०७६९	३९४९८१९५	६२११६२५४	४२४८१४६०
प्रतिशत	१००	३.८२	२.३३	३६.४६	५७.३९	३९.१८

उल्लिखित खर्चको विवरणअनुसार चौथो त्रैमासिकमा ५७.३९ प्रतिशत खर्च भएकोमा असार महिनामा मात्र ३९.१८ प्रतिशत बजेट खर्च गरेको देखियो। वर्षान्तमा अत्याधिक खर्च गर्ने प्रवृत्तिले खरिद व्यवस्थापन प्रभावकारी भएको संकेत गर्दैन। वार्षिक नीति तथा कार्यक्रममा रहेका कुराहरुलाई बजेटमा समावेश गरी समन्यायिक रुपमा वजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ। वर्षान्तमा अत्याधिक खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	**विनियोजन**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	२६६४२४४०	२१२८४५०२	४।५
२	सामाजिक विकास	३०६२९०१३५	२६८१५७४८५।९१	६०।०२
३	पूर्वाधार विकास	९२८०८६७०	६८५४८६८८	१५।३९
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३२६८०००	२९१५४७८२	६।६४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०९९३९००७	८४१४७९१४।१७	१३।४५
कुल जम्मा		५३८९४८२५२	४४५०५४००७२।०८	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सfमाजिक विकासमा सबैभन्दा बढी ६०.०२ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४.५ प्रतिशत रहेको छ। पालिकाको एकिकृत समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

९ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। कानुनी व्यवस्थाको पालना भएको पाईयो ।

१० **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

११ **दायित्व बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को बुँदा न ४.१.३ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ। पालिकाले गत वर्षको भुक्तानी दिन बाकी लगायत क्रमागत तथा अधुरो योजनाको शिर्षकमा रू.३३२३६२५२ यो वर्षको बजेटमा राखि ब्ययको अनुमान गरिएको छ भने यो वर्षको भुक्तानी दिन बाकी तथा अधुरो तथा क्रमागत योजनाको लागि रू.३३२३६२५२ राखी आ व २०८१।८२ को लागि ब्यय अनुमान गरिएको देखियो।

१२ **योजना तर्जुमा तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ४० योजनामा रू. १८३४९८४।०० र रू. १ लाख देखि ५लाख सम्मका १४२ योजनामा रू. २३५४१३०६।०० खर्च गरेको देखियो। स-साना वितरण मुखी योजना भन्दा ठूला तथा पालिकाको दीर्घकालिन विकासको लागि सहयोग पुग्ने योजना तर्जुमा गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

विवरण	योजना संख्या	बजेट खर्च रु.
रु.१ लाख सम्म	४०	१८३४९८४।००
रु.१ देखि ५ लाख सम्म	१४२	२३५४१३०६।६०
रु.५ देखि १० लाख सम्म	४२	२१७२५१५५।००
रु.१० देखि २० लाख सम्म	२३	१६२६११६१।००
रु.२० देखि ५० लाख सम्म	१०	२७१५४३६६।००
रु.५० लाख देखि माथी	२	१७७७०४१८।००
जम्मा	२५९	१०८२८७३९०।६०

१३ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ।

कुल कार्यक्रम	वार्षिकप्रगति स्थिति					
	शून्यप्रगति	२५%	५०%	७५%	१००%	कुल पूजीगत खर्च
६००	४७	१०	२५	४५	७३	१०८२८७३९०

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ६०० कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ४७ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ४७३ रहेको छ।

शुन्य प्रगति हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ । यसरी प्रगति नहुनुका कारण बजेट विनियोजन यथार्थपरक रुपमा भएको देखिएन। साथै शुन्य प्रगति भएका कार्यक्रमहरुको अवस्था विश्लेष्ण गरी पालिकाले यस्ता कार्यक्रमहरु अत्यावश्यक भएमा कार्यान्वियन गर्ने अन्यथा यस्ता कार्यक्रमहरु तर्जुमा गर्ने समयमै वजेट तथा कार्याक्रमको तादम्यता मिलाउनुपर्दछ।

१४ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालनऐन,२०७४ को दफा११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवाप्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्युदर्ता, नाताप्रमाणित, बसाईसराई, सम्बन्धबिच्छेद, बिवाहदर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलव्ध हुन सकेन।पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा र प्रभावकारी बनाउनुपर्दछ।

विवरण	**जम्मा**
पञ्जिकरणतर्फ	
जन्मदर्ता	८७५
मृत्युदर्ता	२०१
बसाईसराई दर्ता	१०९
विवाह दर्ता	२७६
सम्बन्धविच्छेद दर्ता	४
पूर्वाधार विकास सडक निर्माण	
ग्राभेल सडक निर्माण	२८ कि.मि.
ग्राभेल सडक मर्मत	१० कि.मि.

१५ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१०८२८७३९०।०० पुँजीगत खर्च गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।

१६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्येसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ।नगरपालिकामा लेखा र आन्तरिक लेखापरीक्षणसंग सम्वन्धित कर्मचारी पदपुर्ति नभएकोले आन्तरिक लेखापरीक्षण भएको छैन।

१७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २ गरी कुल ६ विवाद दर्ता भएकोमा ० वटा फर्स्यौट भई ६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१९ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ।पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि रू.१०००००।०० खर्च गरेको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२० प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २३ पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखा अधिकृत,इन्जिनियर सहित ३७ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ कार्यवोझका आधारमा दरबन्दी स्वीकृती र पदपूर्तिको व्यवस्था हुनुपर्दछ।

२१ वडा सचिवको पदपुर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

वडा संख्या	वडा सचिवको दरवन्दी	वडा सचिवको पदपुर्ति	रिक्त वडा सचिव
९	९	२	७

२२ तलवी प्रतिवेदन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८०मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष रू.३२५५४०९३।०० तलव खर्च लेखेकोमा नगरसभाबाट वा सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित भएको देखिएन। तलबी प्रतिवेदन वा विवरण नहुँदा खर्च लेखिएको तलब स्केल र ग्रेडको यथार्थता भिडान गर्न सकिएन। तलवी प्रतिबेदन पारित विना तलब खर्च लेख्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

२३ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा २२ कर्मचारीहरु करारमा राखी खर्च लेखेको छ।

२४ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।पालिकाले अन्य भत्ता सम्बन्धी ऐन, नियम तथा निर्देशिका बनाएको देखिएन।पालिकाले यो वर्ष ५ जना कर्मचारीलाइ कार्यपालिकाबाट निर्णय गरि बार्षिक रु.११७०२२९ भत्ता वितरण गरी खर्च लेखेको छ। यसरी ऐन, नियम तथा निर्देशिका बेगर खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	११,७०,२२९

२५ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.९०९६५००।००खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.४७३२४१६।७० रहेको छ। पालिकाले खर्च गर्दा आन्तरिक आयलाई समेत ध्यान दिनुपर्दछ।

२६ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाले यो वर्ष पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता वापत रू.६७७७५०।०० र कर्मचारीको बैठक भत्ता वापत रू ३५००००।०० समेत जम्मा रू.१०२७७५०।०० खर्च गरेको देखियो। जुन आन्तरिक आयको तुलनामा २१.७१ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो।पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधाबीचमा आवश्यक तादम्यता मिलाई चालुखर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

२७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा६६बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्तहुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ।पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदान (समानिकरण अनुदान र राजस्व बाँडफाटको योग)	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१६८७९१६२२।६०	४७३२४१६।७०	०।०२८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा **०.०२८** प्रतिशत मात्र रहेको छ।

२८ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू. ६६ लाख ५३ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू. ४७ लाख ३२ हजार मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ७१.१२ प्रतिशत आय प्राप्त गरेको छ।

क्र.सं.	प्राप्तिकोश्रोत	वार्षिक अनुमानितआय	आम्दानी
१	सम्पती कर	०.००	२५
२	भुमिकर/मालपोत	१०,००,०००.००	८३८०३३।८९
३	वहालकर	३,००,०००.००	६००००
४	वहालविटौरी कर	५०,०००.००	०
५	सवारीसाधन कर (साना सवारी)	५०,०००.००	०
६	अन्यमनोरञ्जन कर	०.००	०.००
७	अन्यकर	२२,००,०००.००	४५०९२०.८१
८	सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम	१०,०००.००	०
९	अन्यसेवा शुल्क तथा बिक्री	२,६०,०००.००	०
१०	न्यायिकदस्तूर	१०,०००.००	३००
११	शिक्षाक्षेत्रको आम्दानी	२०,०००.००	०
१२	अन्यप्रशासनिक सेवा शुल्क	३,५०,०००.००	०.००
१३	पार्किङ्गशुल्क	१,००,०००.००	०
१४	नक्सापासदस्तुर	१,५०,०००.००	०
१५	सिफारिशदस्तुर	३,५०,०००.००	५५६८५८
१६	व्यक्तिगतघटना दर्ता दस्तुर	२,६०,०००.००	२३३४००
१७	नाताप्रमाणित दस्तुर	१,८०,०००.००	४४९५०
१८	अन्यदस्तुर	१,००,०००.००	३००
१९	व्यावसायरजिष्ट्रेशन दस्तुर	१,१०,०००.००	२८८१२०
२०	रेडियो/एफ.एम.सञ्चालन दस्तुर	८०,०००.००	०
२१	विद्युतसम्बन्धी दस्तुर	१,१०,२५२.००	०
२२	अन्यक्षेत्रको आय	१,६०,०००.००	४४८७३०
२३	प्रशासनिकदण्ड, जरिवाना र जफत	५०,०००.००	१७४८७९
२४	धरौटीसदरस्याहा	२,००,०००.००	०
२५	अन्यराजस्व	२,००,०००.००	८५५९००
२६	व्यवसायकर	१,५०,०००.००	२३००००
२७	बेरूजू	२,०३,०००.००	५५००००
जम्मा		६६,५३,२५२.००	४७३२४१६।७०

२९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५१८१२० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन।कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

३० सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिकाले आफ्नो कार्यक्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिवाट वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत असुल गरेको छैन ।कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

३१ राजश्व अभिलेख

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म ले प फा न १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म ले प फा न १०८ राजस्व प्राप्तिको बैक नगदी किताव, म ले प फा न १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका मलेप फारमहरु निर्धारण गरेको छ। कार्यालय बाट यसवर्ष जम्मारू.४७३२४१६।००राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने उल्लिखित मलेप फारमहरु नराखेकोर राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला समेत हुने गरेको देखिएन। साथै करदाताको लगत नहुँदा प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्न सकिएन । कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

३२ कम्प्युटर लेखा प्रणाली

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न IPT(कर संकलन प्रणाली) सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरेता पनि वडा कार्यनलयमा सफ्टवेयर प्रयोग गरेको छैन । आगामी दिनमा वडा कार्यनलयमा सफ्टवेयर प्रयोग गरी आयलाई पारदर्शी रुपमा संकलन गर्नुपर्दछ । साथै SUTRA को पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

३३ ईन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे २९ थान, एम्बुलेन्स १ थान, व्याकहोल्डर, दमकल, स्कारपियो, ट्रीपर र जीप ४ थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.२००४२८४।०० इन्धनमा खर्च गरेको छ।सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

३४ मर्मत सम्भार खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे २९ थान, एम्बुलेन्स १ थान, व्याकहोल्डर, दमकल, स्कारपियो , ट्रीपर र जीप एक एक थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. १५०००००।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ।

३५ **अतिथि सत्कार**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत अतिथि सत्कार वापत रू.६२५५२५।०० खर्च गरेको छ।

३६ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सार्वजनिक नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.२४५०८८१।०० को कार्यालय मालसमान खरिद गरेको देखियो।

३७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले मापदण्ड बनाइ आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू. ९९९९८०।०० आर्थिक सहायता वितरण गरेको देखियो।

क्र स	विवरण	आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति	जम्मा रू
1	प्रमुखको तोक आदेशको आधार भुक्तानी	१०८	९४९९८०
2	कार्यपालिकाको निर्णयको आधारमा भुक्तानी	२	५००००
	जम्मा	११०	९९९९८०

३८ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू.१५५०१५२।०० खर्च गरेको छ।

३९ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई सम्भव भए सम्म खुला पारदर्शी र प्रर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार खरिद भएको देखिएको छ।

क्र स	विवरण	खर्च रकम	कुल खरिदमा प्रतिशत
१	खुला बोलपत्र	५६४७०४३४	५२
२	सोझै खरिद	६५९४०२	०.५५
३	अमानत	२४५०००	०.१८
४	उपभोक्ता समिति	४९३८८७९६	४५.५६
५	कन्टिन्जेन्सी	१५२३७५९	१.७१
	जम्मा	१०८२८७३९१	१००

४० **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार

रू.१५२३७५९।०० खर्च गरेको देखियो।

विषय	विवरण	रकम रु
वर्कचार्ज स्टाफ खर्च	पूंजीगत खर्च	१०८२८७३९०।६०
	कुल कन्टिन्जेन्सी खर्च	१५२३७५९
	मष्टरोल ज्याला	०
	सवारी साधन मर्मत	०
	दैनिक भ्रमण भत्ता	६०००५
	अन्य	९८४०००
	जम्माः	१०४४००५
सानातिना अन्य खर्च	इन्धन सवारी साधन भाडा	८००००
	स्टेशनरी. छपाई,सूचना प्रकाशन	०
	मर्मत सम्भार खर्च	०
	खप्ने मालसामान	०
	अन्य	३९९७५४
	जम्माः	४७९७५४
	कूल जम्माः	१५२३७५९

- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा त्यस्तो गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

महालेखा नियन्त्रक कार्यालयले २०७७ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार,स्टेशनरी छपाई, सूचना प्रकाशन, दैनिक भत्ता जस्ता कार्यमा रु.१५२३७५९।०० सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखियो । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। तोकिए बमोजिमको शिर्षकमा खर्च उल्लेख गर्नुपर्दछ।

४१ **उपभोक्ता समिति परिचालन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको सार्वजनिक निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कामको प्रकृति र परिणाम अन्य आवश्यक कुराहरुलाई सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव माग गर्ने वा उपभोक्ताले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । यसरी निवेदन वा प्रस्ताव प्राप्त भएपछि समितिसँग छलफल वार्ता वा निर्माण स्थलको स्थलगत भ्रमण गरी निर्माण कार्यको प्रकृति, उपभोक्ताले व्यहोर्नुपर्ने रकम र गर्नुपर्ने काम एवं निर्माण पश्चात मर्मत संभारको सुनिश्चिचता समेत विचार गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । तसर्थ विधिवत सम्झौता भै सकेपछि संचालनको निर्माण कार्यको मुल्याँकन बिल भरपाई लगायतका कागजातहरु समितिको बैठकबाट अनुमोदन गराउनुपर्ने भएकोले समितिको कार्य व्यवस्था र काम कर्तव्य र अधिकारको लागि विधिवत रुपमा दर्ता भई पारदर्शी रुपले कार्य गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले यो वर्ष विभिन्न १५७ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु. ४९३८८७९६।०० भुक्तानी दिएको छ । उपरोक्त कानुनी व्यवस्था अनुसार उपभोक्ताबाट काम गारउन सार्वजनिक सुचना र प्रस्ताव आह्वान नगरेको, उपभोक्ताहरुले काम र लागत तथा समितिले व्यहोर्ने

अशं समेत खुलाएर प्रस्ताव पनि पेश नभएको र विधिवत रुपमा दर्ता नभएका संस्थासँग पटके रुपमा सम्झौता गरी निर्माण कार्य गराएको देखियो ।

४२ **करार शिक्षकको तलव भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुमा ६० शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान / राजस्व बाँडफाट स्रोतबाट रू. २६१४२६७८ तलब भत्ता वापत भुक्तानी गरेको देखियो।

४३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ।पालिकाले देहायको निर्माण व्यवसायीलाई दिएको पेश्की रू.८३०००० म्याद नाघेको देखिएको छ। उक्त पेश्की नियम अनुसार फछर्यौट गर्नुपर्दछ।

सि नं	भौचर नं मिति	काम	पेश्की लिनेको नाम	रकम
१	१०२८।२०८२।०३।२४	सार्वजनिक सुनुवाई कार्यक्रम	सामुदायिक रेडियो एफ एम मेलौली	३३००००
२	२५९।२०८२।०३।२५	नगरपालिका परिसर निर्माण	पि एन के कन्स्ट्रसन एण्ड कन्सल्टेन्सी	३५००००
३	३६।२०८१।१२।०७	प्रस्तावित आखा अस्पताल लामालेक	प्रस्तावित आखा अस्पताल लामालेक निर्माण उपभोक्ता समिति	१५००००
		जम्मा		८३००००

पेश्की	८,३०,०००

४४ **चौमासिक वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ११ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक कुमारी वैक मार्फत प्रथम त्रैमासिकमा रु.२८७९३११७।०० दोस्रो त्रैमासिकमा रु.२९१०३८८९ तेस्रो त्रैमासिकमा रु. २९४८१५९९ र चौथो त्रैमासिकमा रु.२९८३६५६५ समेत रु. ११७२२३३२९ निकासा गरेकोमा रु.११६३२७१२६।०० वितरण भएको छ।निकासा फरक देखिएको रकम रु. ८९६२०३।०० असारमसान्त भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा समायोजन भएको छ ।

४५ **पारदर्शिता**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

४६ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधि २०७५ को बुदा ५(७) र ५(८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । सोही अनुसार यस पालिकाको लागि छनौट भएका लाभग्राही

संख्या ८३ को लागि प्रति लाभग्राही पचास हजारका दरले अनुदान दिने व्यवस्था भएको देखिन्छ ।लेखापरीक्षणको लागि पेश भएको विवरण अनुसारगत वर्ष सम्म निम्नानुसार ८३ लाभग्राहीहरु संग सम्झौता भएकोमा सबैले दुबै किस्ता प्राप्त गरेको देखियो भने यो वर्ष ३ जनाले अझै सम्म दोस्रो किस्ता प्राप्त गरेको देखिन्छ । वडा न १ का १ जना, वडा न ७ का १ जना र वडा नं ८ का १ जना ल◌ाभाग्राहीले अझै सम्म दोस्रो किस्ता वापतको अनुदान प्राप्त गर्न सकेको देखिएन । अत ३ जना लभाग्राहीहरुलाई दोस्रो किस्ता बापत हुने रू.९५७८४।०० भुक्तानी गरी कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

वडा	सम्झौता भएकालाभग्राही	पहिलो	दोस्रो	गत वर्ष सम्मवितरीत अनुदान		यो वर्ष दोस्रोकिस्ता प्राप्त गर्ने लाभग्राही	अझै सम्म दोस्रोकिस्ता नपाएको लाभग्राही
				पहिलो किस्ता प्राप्तगर्ने लाभग्राही	दोस्रो किस्ता प्राप्तगर्ने लाभग्राही		
१	११	१८०७२	३१९२८	११	०	१०	१
२	११	१८०७२	३१९२८	११	०	११	
३	९	१८०७२	३१९२८	९	०	९	
४	८	१८०७२	३१९२८	८	०	८	
५	९	१८०७२	३१९२८	९	०	९	
६	८	१८०७२	३१९२८	८	०	८	
७	११	१८०७२	३१९२८	११	०	१०	१
८	८	१८०७२	३१९२८	८	०	७	१
९	८	१८०७२	३१९२८	८	०	८	
जम्मा	८३	१४९९९७६	२६५००२४	८३		८०	३

४७ **कृषि पकेट क्षेत्र कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च रु.९६९२८२।०० गरेको देखियो। खर्च रकमको अनुगमन गरीमासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुकानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

क्र स	गो भौ नं र मिति	पकेट कार्यक्रमको नाम	भुक्तानी पाउने कृषक समुहको नाम	भुक्तानी रकम
१	२९०/२०८२/०३/१०	मकै पकेट	बसन्तपुर कृषक समूह	२६८५५०
२	३३२/२०८२/०३/१५	मकै पकेट	सिद्धबाबा कृषि तथा पशुपालन समूह	१७७०००
३	३५१/२०८२/०३/१९	मकै पकेट	कनले केदार कृषक समूह	१२००७०
४	३७१/२०८२/०३/२१	मकै पकेट	दलित महिला सिकाइ समूह	१५८८६२
५	४००/२०८२/०३/२४	मकै पकेट	श्री केदार नमुना कृषि तथा बचत समूह	२४४८००
जम्मा				९६९२८२

४८ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, नियम १०६ (१) मा प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि उल्लेख गरेको सामान प्रतिवेदन प्राप्त भएको १ महिना भित्र लिलाम विक्रीको प्रक्रिया शुरु गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा नियमावली वमोजिम कार्यान्वयन गरेको देखिदैन। तसर्थ नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

जिन्सी -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, नियम १०६ (१) मा प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि उल्लेख गरेको सामान प्रतिवेदन प्राप्त भएको १ महिना भित्र लिलाम विक्रीको प्रक्रिया शुरु गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।

४९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ .

सम्पत्ति	**प्राप्त मिति**	**संख्या**	**खरिद/प्राप्ति मूल्य**	**कैफियत**
घर जग्गा क्षेत्रफल र संख्या सहित	२०४२।०४।०१	५	१	
सवारी साधन (रु.१ लाखभन्दा बढी)	२०७५।०२।०६	३३	१७६९०४९५।१३	
उपकरण (रु.१ लाखभन्दा बढी)	२०७४।०३।०९	१	१७४९००	जेनेरेटर मर्मत गर्नुपर्ने
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	२०७७।०३।११	१	१७६६६२१।०३	ट्याक्टर लिलाम गर्नुपर्ने

५० **डी पि आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले गत वर्ष निर्माण गरेका निम्नानुसार डिपिआर वापत रू. १५४७३६५ खर्च भएको अवस्थामा कुनै पनि डिपिआर गर्नुको प्रयोजन पुरा हुने गरी कार्यान्वयनमा ल्याएको देखिएन । तर यो वर्ष पुनः निम्नानुसार रू. ७४१४२४ को डि पि आर तयारीमा बजेट खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको

प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ ।

डीपिआर भएका कार्यहरु	डिपिआर गर्ने फर्म	भएको खर्च	डिपिआरबाट कायम ल ई
ग्वाल्लेक केदार धामको डिपिआर	आइ डि इ कन्सल्टेन्सी प्रा ली	२५१४२५	२८७६३००५
सलेना नैत्रेश्वर तथा सलेना सेली सडकको डि पि आर	बि एण्ड बि इन्जिनियरीङ सर्भिशेज	४८९९९९	२३९२५०२७७

५१ **सामुदायिक सिकाई केन्द्र अनुदानः**

यस पालिकाले सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान भुक्तानी गरेकोमा निम्नानुसार देखियो ।

५१.१ **बढी निकासाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११. मा सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान प्रति केन्द्र ३,००,००० सम्म अनुदान दिनसक्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका सामुदायिक सिकाई केन्द्रलाई वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता निरन्तर शिक्षा कार्यक्रमका लागि प्रति सिकाई केन्द्रलाई रु. ३,६६,६६६।०० तथा पालिकाबाट रु १०००००।०० थप समेत रु ४६६६६६। ०० का दरले भुक्तानी दिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा बढि रकम भुक्तानी भएको रु. ६६,६६६।०० का दरले सम्बन्धित सिकाइ केन्द्रबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

क्र.सं.	**भुक्तानी पाउने सिकाई केन्द्रको नाम**	**भुक्तानी दिनुपर्ने रकम**	**भुक्तानी दिएको रकम**	**बढी भुक्तानी भएको**	**कैफियत**
१	मेलौली सामुदायिक सिकाइ केन्द्र	३०००००	३६६६६६	६६६६६	पालिकाबाट रु. १०००००।०० का दरले थप गरी रु.४६६६६६।०० भुक्तानी भएको
२	महारुद्र सामुदायिक सिकाइ केन्द्र	३०००००	३६६६६६	६६६६६	
३	विशालपुर सामुदायिक सिकाइ केन्द्र	३०००००	३६६६६६	६६६६६	
	जम्मा			**१९९९९८**	

असुल गर्नुपर्ने	१,९९,९९८

५१.२ **प्रमाण पेश नगरेकोः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११. मा सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान प्रति केन्द्र ३,००,००० सम्म अनुदान दिनसक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ३ सिकाई केन्द्रहरुलाई सघीय अनुदानबाट रु. ११००००० र पालिकाबाट रू. ३००००० थप गरि जम्मा रु.१४००००० अनुदान उपलव्ध गराएको छ। उक्त कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्रति सिकाई केन्द्रलाई ३०००००।०० का दरले र पालिकाबाट थप समेत प्रति सिकाई केन्द्र ४०००००।०० का दरले भुक्तानी भएको र सो भुक्तानी अनुसार पालिकामा निम्न २ सिकाई केन्द्रबाट लेखापरीक्षण अवधिसम्म कार्यक्रम संचालन गरी खर्च गरेको सक्कल विल भरपाई पेश गरेको नदेखिएकोले सो खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	सिकाई केन्द्रको नाम	रकम
१	मेलौली सामुदायिक सिकाई केन्द्र	४०००००
२	महारुद्र सामुदायिक सिकाई केन्द्र	४०००००
	जम्मा	**८०००००**

प्रमाण पेश नगरेको	८,००,०००

५२ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। नमुनाको रुपमा केही भौचरहरु परीक्षण गर्दा यस नगरपालिकाले निम्नानुसार भुक्तानीमा वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रु.

भौ.नं./मिति	निर्माण कार्य	निर्माण व्यवसायी/ उ.स.	भुक्तानीको विवरण	भुक्तानी हुनुपर्ने परिमाण	भुक्तानी भएको परिमाण	बढी भुक्तानी भएको परिमाण	भुक्तानी दर	जम्मा बढी भुक्तानी	कैफियत
२७४/०८२।३।२५	खालिगाड-तितावै सडक स्तरोन्नति तथा सुधार	खालिगाड-तितावै सडक स्तरोन्नति तथा सुधार उ.स.	Providing & placing Plum concrete	$42.9m^3$	प्रति घ.मी. १३४०२ का दरले भुक्तानी हुनुपर्नेमा १३६४० ले भुक्तानी भएको			१०२१०	दररेट बढी भुक्तानी भएको
२१२/०८२।३।२३	महारुद्र तोल्या सडक निर्माण	महादेव कन्स्ट्रक्शन	Ps item	0	Insurance को VAT दोहोरो भुक्तानी			६३७९	४९०६९ को १३ प्रतिशतले हुने
			PS item	0	१	१	३७१३०	३७१३०	नापीमा नभएकोमा विलमा भुक्तानी भएको
२०५/०८२।३।२२	लक्ष्मीपुर मा वि को भवन मर्मत	लक्ष्मीपुर मा वि को भवन मर्मत उ.स.	Brick masonry work	$9.77m^3$	$10.23m^3$	$0.46m^3$	२०१८९.७६	९२८८	brick masonry work मा sill band र lintel band को परिमाण नघटाएको
१९८/०८२।३।२२	द्वारिका देवी चन्द ठकुरानी स्मृति प्रतिष्ठान भवन निर्माण	द्वारिका देवी चन्द ठकुरानी स्मृति प्रतिष्ठान भवन निर्माण उ.स.	Brick masonry work	$3.62m^3$	$4m^3$	$0.38m^3$	२०५०५.०८	७७९२	
१७०/०८२।३।१८	दुर्गास्थान स्वा. चौ. १ कोठा निर्माण	दुर्गास्थान स्वा. चौ. १ कोठा निर्माण	Stone filling in gabion box	$13.5m^3$	$18m^3$	$4.5m^3$	५५३६.६२	२४९१५	नापी अनुसार 1.5 को भरेको देखिएकोमा २ को ९ वटाको भुक्तानी भएको
४४/०८१।१२।१२	मेलौली बसपार्क निर्माण	तीन भाइ कन्स्ट्रक्शन	Brick masonry work	$8.31m^3$	$10.51m^3$	$2.2m^3$	१९०००	४७२३४	brick masonry work मा column,sill band र lintel band को परिमाण नघटाएको
संघीय ससर्त									
२८/०८२।३।१७	मल्टी स्टोरी भवन जगदम्बा मा.वि.	दोगडा केदार अखिल जे.भी.	Item no. 10 RCC Work M_{20}	$14.20m^3$	$15.36m^3$	$1.16m^3$	१५०००	२०१८४	Columnheight 1.735m दिनुपर्नेमा 1.88m दिएको
५१/०८१।३।२४	जगदम्बा मा.बि मल्टिस्टोरी भवन निर्माण	सगरमाथा लुम्बिनी इन्स्योरेन्स क.लि.	insurance	४६६६७	७००००			२३३३३	Insurance मा प्राविधिक तथा कामदरहरुको insurance cover नभएको

		जम्मा						**१८८४६५**	

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,८६,४६५

५३ **पूर्व निर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१.(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । यस नगरपालिकाले निम्नानुसारका विभिन्न निर्माण कार्यका लागि विभिन्न निर्माण व्यवसायीहरुसँग सम्झौता गरी कार्यदिश दिएकोमा कार्यसम्पन्न गर्नुपर्ने अवधि सकिएकोमा सो कार्य हालसम्म(लेखापरीक्षण अवधि २०८२।५।१९) पनि सम्पन्न भएको देखिएन । नियमानुसार अधिकार प्राप्त अधिकारीले पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम असुल गरी सो निर्माण कार्य पालिकालाई थप व्ययभार नपर्नेगरी निर्माण कार्यमा सम्झौता बमोजिमको गुणस्तर कायम गरी शिघ्र कार्यसम्पन्न गर्नुपर्दछ ।

क्र.सं.	भौ.नं./मिति	निर्माण कार्य	निर्माण व्यवसायी	सम्पन्न गर्नुपर्ने अवधि	सम्झौता रकम	पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम	कैफियत
१	२१६/०८२।३।२३	कमलपुर, गंगेश्वर, निलपाल, कोटीगाउँ खेलमैदान निर्माण	तीन भाइ कन्स्ट्रक्शन	२०८२।३।२२	१०१०५४२।०९	३०३१६	लेखापरीक्षण अवधि २०८२।५।१९ सम्म ६० दिनको
२	२१२/०८२।३।२३	महारुद्र तोल्या सडक	महादेव कन्स्ट्रक्शन	२०८२।३।१५	४७२१३४५।२५	१५८१६५	लेखापरीक्षण अवधि २०८२।५।१९ सम्म ६७ दिनको
			जम्मा			**१८८४८१**	

५४ **पेश्की रकम भुक्तानी**

,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क २ मा पेश्की दिदाँ पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने छ भन्ने उल्लेख छ । यस पालिकाले पालिका परिसर निर्माणका लागि रु. ५२०९३१५।०० को लागत अनुमान स्वीकृत भई बोलपत्र आव्हान भएको पाइयो । सो अनुसारको बोलपत्रमा सबैभन्दा घटी कबोल अंक पेश गर्ने पि एन के कन्स्ट्रक्शन एण्ड कन्सल्टेन्सी प्रा लि सँग मिति २०८२।२।२५ मा रु. ३६,८८,८८५।००(भ्याट र पि एस समेत) मा मिति २०८२।८।१५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । सम्झौता अनुसार १० प्रतिशतले हुने पेश्की रकम २ बराबर किस्तामा १७५००० गरी दुई किस्तामा रु. ३,५०,०००।०० दिनुपर्नेमा एकै पटक ३,५०,०००।०० भुक्तानी गरेको पाइयो । यसरी सम्झौता अनुसार पछिल्लो किस्तामा दिनुपर्ने १,७५,०००।०० समेत एकै पटक दिएको देखिएकोले नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	१,७५,०००

५५ **उपभोक्ता समितले निर्माण व्यवसायी मार्फत गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.(१०) उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्नेछ भन्ने उल्लेख छ । नमुना परीक्षण

गर्दा यस नगरपालिकाले निम्नानुसारका कार्यहरु उपभोक्ता समिति मार्फत गर्नका लागि सम्झौता भएकोमा अन्य निर्माण व्यवसायीहरु मार्फत गराएको देखियो नियमावलीको पालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। सो नियमानुसार यसरी उपभोक्ता समिति मार्फत् गर्नका लागि सम्झौता भएकोमा अन्य निर्माण व्यवसायीहरु मार्फत कार्य गराएको नियमसम्मत नदेखिएको रु.

भौ.नं./मिति	**उपभोक्ता समितिको नाम**	**कार्य गर्ने निर्माण व्यवसायी**	**भुक्तानी रकम**	**कैफियत**
२४३/०८२।३।२४	सडक सरसफाई उ.स.	कनल्या केदर निर्माण सेवा	२३९१९०	कनल्या केदर निर्माण सेवाले मेशिन प्रयोग गरी कार्य गरेको देखिएको
१३१/०८२।३।५	विजयपुर मा. वि. फिल्ड निर्माण उ.स.	अखिल निर्माण सेवा	८६३२८५	
३०/०८१।१२।७, १०८/०८२।२।२२	केदार आ.वि. फिल्ड निर्माण उ.स.	गंगेश्वर बेताल निर्माण सेवा प्रा.लि.	६६९८४८	
२७०/०८२।३।२५	सडक सरसफाई उ.स. वडा नं. ४	अखिल निर्माण सेवा	१९१२३७	
	जम्मा		**१९६३५६०**	

अनियमित भएको	१९,६३,५६०

५६ **लागत अनुमान तयार नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११.(१) सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्नेछ भन्ने उल्लेख छ । यस पालिकाले निम्नानुसारका खरिदमा लागत अनुमान तयार नगरी खरिद गरेको देखियो । यसरी गरिने मालसामानको खरिद कार्यमा नियमानुसार लागत अनुमान तयार गरी खरिद कार्य गर्ने परिपाटी बनाई खरिद कार्यलाई पारदर्शी बनाउनुपर्दछ । यसरी लागत अनुमान बेगर भएको खरिद कार्य नियमसम्मत नदेखिएको रू.

क्र.सं.	**भौ.नं./मिति**	**खरिद विवरण**	**आपूर्तिकर्ता**	**खरिद रकम**
१	१७३/०८२।३।१९	सोलार खरिद	न्यू सोलार उर्जा सप्लायर्स	३७८५५०
२	१२९/०८२।३।४	ल्यापटप तथा बायोमेट्रिक मेशिन	गड्तोला सप्लायर्स	४४८९५१
		जम्मा		**८२७५०१**

अनियमित भएको	८,२७,५०१

५७ **प्रमाण बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसारका भुक्तानीमा प्रमाण बेगर भुक्तानी भएको देखिएकोले यसरी भुक्तानी भएकोमा आवश्यक प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु.५५४००

क्र. सं.	भौ.नं./मिति	भुक्तानीको विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी भएको रकम	कैफियत
१	२१४/०८२।३।२३	बेसार प्रबर्द्धन कार्यक्रम	हिमाल सिंह भाट	५५४००	१२५०० भुक्तानी भएकोमा ६९६०० को बेसार वितरण भएकोमा बाँकी त्रिपाल डेक्ची बाल्टी लगायतका बाँकी सामान वितरण नभएको तथा दाखिला पनि नभएको
		जम्मा		**५५४००**	

असुल गर्नुपर्ने	५५,४००

५८ **लागत साझेदारी**

उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८९ को दफा ५ को उपदफा (१) मी आयोजना सञ्चालन गर्न स्थानीय तहबाट न्यूनतम दश प्रतिसत लागत साझेदारी गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यो कार्यक्रममा रु. ३३५९९५०।०० खर्च लेखेकोमा सो को १० प्रतिशत रु.३३५९९५।०० कार्यविधिको दफा ५ को उपदफा (१) को व्यवस्था अनुरूप लागत व्यहोरेको नदेखिएकोले उक्त रकम रु.३३५९९५।०० नगरपालिकाले संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,३५,९९५

५९ **एकल र टुहुरालाइ भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धि कार्यविधि २०७५ बनाइ एकल पुरुष ६९ जना तथा टुहुरा बालबालिका १० जना लाइ मासिक रु.२००० का दरले (संघबाट वितरण भएको सामाजिक सुरक्षा बाहेक) रु.१८३६००० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। तर कार्यविधि बनाउँदा निश्चित ऐन लाइ आधार लिएको पाइएन यसरि निश्चित ऐनलाइ आधार नलिइ बनाइएको कार्यविधि बमोजिम गरिएको खर्चलाइ कानुन सम्मत मान्न सकिएन रु. १८३६०००

अनियमित भएको	१८,३६,०००

६० **भर्पाइ पेश हुनुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम३९(५) मा विलभर्पाइ सहितको लेखाराख्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी सोही नियमको उपनियम१० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।देहायको सामाग्री वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने रु.

क्र.स	भौ.न/मिति	विवरण	रकम
1.	७४९।२०८२।३।२	(स्वास्थ्य स्यमसेवक तथा कर्मचारी प्रोत्साहन कार्यक्रमको) रेनकोट,झोला तथा लाइट २०/२० थान वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने	८९९४८

प्रमाण पेश नगरेको	८९,९४८

६१ **शैक्षिक प्रतिवेदन**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष

आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ। पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।

६२ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा ऐन, २०२८ को (नवौँ संशोधन समेत) १६ च १ मा शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने जसमा विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए वमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

1. स्थानीय तह मातहतमा रहेक ४६ विद्यालयहरुमा १९३ शिक्षक दरवन्दी रहेकोमा पूर्ण पदपुर्ती भएको साथै नगर शिक्षक ६० र निजी स्रोतबाट २२ जना शिक्षक पदपूर्ति गरेको देखिन्छ। वालविकास शिक्षक ५० जना रहेको देखिन्छ।

2. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

3. विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । यस वर्ष पालिकाले ४६ विद्यालयलाई कुल १३ करोड ४० लाख ८० हजार निकाशा दिएको छ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी				पदपुर्ती				बाल विकास सहजकर्ता	विद्यार्थी संख्या
		स्थायी	राहत	नगरकरार	नीजि स्रोत	स्थायी	राहत	नगरकरार	नीजि स्रोत		
१	श्री शितलपुर मा.वि.	४	३	२	०	३	३	२	०	१	२७७
२	श्री दुर्गा आ.वि.	३	०	२	१	३	०	२	१	१	११२
३	श्री शारदा आ.वि.	३	०	२	१	३	०	२	१	१	१२२
४	श्री सिंगापुर आ.वि.	०	२	२	०	१	२	२	०	१	५५
५	श्री जनचेतना आ.वि गंगापुर	०	२	३	०	०	२	३	०	१	१५१
६	श्री गोपाञ्चल आ.वि.	२	१	०	०	२	०	०	०	१	३५
७	श्री केदारेश्वर आ.वि.अम्तडी	०	१	१	०	०	१	१	०	१	२२
८	शी जनचेतना आ.वि.नङरौ	०	०	१	०	०	०	१	०	१	२९
९	श्री नैनेश्वरी आ.वि.	०	०	१	०	०	०	१	०	१	२३
१०	श्री केदार आ.वि.द्धारसैनी	०	०	१	०	०	०	१	०	१	३३
११	श्री केदारेश्वर मा.वि.	१४	३	१	१	१४	३	१	१	१	१४३
१२	श्री धर्मघर मा.वि.	७	६	१	०	७	६	१	०	२	२७१
१३	श्री सुदर्शन मा.वि.	३	२	२	१	३	२	२	१	१	१०६
१४	श्री कोटेश्वर आ.वि.	३	०	२	०	३	०	२	०	२	११९
१५	श्री भुवनेश्वर आ.वि.	२	१	०	०	२	१	०	०	१	४९
१६	श्री भवानिस्थान आ.वि.	३	०	०	०	३	०	०	०	१	२९
१७	श्री जनचेतना आ.वि.बागकोट	२	०	१	०	२	०	१	०	१	४८
१८	श्री प्रितिपुर मा.वि.	३	४	३	०	३	४	३	०	१	१४४
१९	श्री शान्तिप्रकाश आ.वि.	३	०	२	०	३	०	२	०	३	१०९
२०	श्री केदार आ.वि. कुजागाड	१	२	२	१	१	२	२	१	१	११०
२१	श्री विजयपुर मा.वि.	१३	२	०	२	१३	२	०	२	१	२७६
२२	श्री ग्वाल्लेक आ.वि.	२	०	१	०	२	०	१	०	१	४७
२३	श्री सुनौला आ.वि.	०	०	१	०	०	१	०	०	१	१६
२४	श्री दुर्गा मा.वि.	८	२	२	२	८	२	२	२	१	३४९
२५	श्री महारुद्र आ.वि.	०	०	१	०	०	०	१	०	१	३७
२६	श्री चंन्द्रपुर आ.वि.	३	०	२	२	३	०	२	२	१	१४३
२७	श्री शिवसंकर आ.वि.	०	२	१	०	०	२	१	०	१	२२

२८	श्री सिद्धेश्वर आ.वि.	०	२	१	०	०	२	१	०	१	७७
२९	श्री जगदम्बा मा.वि.	३	३	२	१	३	३	२	१	१	१९९
३०	श्री लक्ष्मीपुर आ.वि.	२	१	०	१	२	१	०	१	१	३८
३१	श्री सरस्वती आ.वि.	०	२	१	०	०	२	१	०	१	६८
३२	श्री चन्दनपुर आ.वि.	०	२	१	०	०	२	१	०	१	४७
३३	श्री मणिलेक मा.वि.	१५	५	०	३	१५	५	०	३	१	५९१
३४	श्री भरतपुर मा.वि.	५	२	२	०	५	२	२	०	१	२३३
३५	श्री लक्ष्मीपुर आ.वि.	४	०	१	०	४	०	१	०	१	९८
३६	श्री सुनिलपुर आ.वि	१	१	१	०	१	१	१	०	१	५२
३७	श्री नेत्रज्योती आ.वि.	०	२	१	०	०	२	१	०	१	३२
३८	श्री कमलपुर मा.वि	३	२	२	१	३	२	२	१	१	२९९
३९	श्री गंगेश्वर आ.वि.	०	२	२	१	०	२	२	१	१	१०१
४०	श्री निलपाल आ.वि.	०	२	१	१	०	२	१	१	१	८५
४१	श्री विशालपुर मा.वि.	७	४	३	३	७	४	३	३	१	३३१
४२	श्री कोल्तडा आ.वि.	२	०	१	०	२	०	१	०	१	६१
४३	श्री शिव आ.वि.	४	३	१	०	४	३	१	०	१	१०५
४४	श्री नवज्योती आ.वि.	०	०	१	०	०	०	१	०	१	४
४५	श्री पितृपुर आ.वि.	१	०	१	०	१	०	१	०	१	६
४६	श्री भुमिराज आ.वि.	०	२	१	०	०	२	१	०	१	६
जम्मा		१२५	६८	६०	२२	१२५	६८	६०	२२	५०	५३१०

६३ शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८१।८२) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेर मात्र अनुदान निकासा दिनुपर्दछ।साथै विद्यार्थी व्यवस्थापन सूचना प्रणालीमा सत्यापन नगरी निकासा गरेको रकम लेखापरीक्षण क्रममा एकिन गर्न नसिकिएको हुदाँ सो प्रणालीसँग सत्यापन गराई बढी निकासा भएको रकम एकिन गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

६४ इन्टरनेट जडान अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१०. को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने सवै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने आधारभुत तह (कक्षा १-५ सम्म) सञ्चालित विद्यालय वार्षिक रु १२ हजार आधारभुत तह (कक्षा १-८ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. १५ हजार र माध्यमिक तह (कक्षा १-१० र १-१२) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. २० हजारका दरले उपलब्ध गराउने र उक्त रकम इन्टरनेट जडान गर्ने, जडित इन्टरनेट शुल्क भुक्तानी गर्न खर्च गर्ने उल्लेख छ । स्थानीय तहले विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने र इन्टरनेट प्रयोग गरेका विद्यालयको विवरण IEMIS मा अनिवार्य अध्यावधिक गर्न लगाउने व्यवस्था छ । पालिकाले भौ नं ३१०,२०८२।०३।११ बाट २३ वटा विद्यालयलाई इन्टरनेट जडान वापतको शुल्क भुक्तानी गर्न रु. ३,९१,००० रकम अनुदान उपलव्ध गराएकोमा विद्यालयहरुमा इन्टरनेट जडान भए नभएको एकिन गर्न सकिएन । तसर्थ सम्वन्धित विद्यालयवाट इन्टरनेट जडान गरेको प्रमाण पालिकामा पेश गरी अनुदानको रकम सहि सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

६५ विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदान

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको छ । सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ व ०८१।८२ मा पालिकाका ३५ विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षणको लागि भौ.न. ३१०,२०८२।०३।११ बाट रु. ४,१५,००० निकासा गरी खर्च लेखेकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक वर्ष २०८१।८२ को विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश भएको देखिदैन। तसर्थ अनुदानको सही सदुपयोगको सुनिश्चितता गरिनुपर्दछ।

६६ दिवा खाजा कार्यक्रम

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रति विद्यार्थी १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको आधारमा निकासा दिने व्यवस्था रहेको छ । सङ्घीय सरकारबाट ससर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका दरले उपलब्ध गराउने व्यवस्था छ। सोही बमोजिम पालिकाले ४६ विद्यालयलाई भौ.न. २१,११९,१६४ र ३४३ बाट रु.६४९८१९६ रकम निकाशा गरेकोमा विद्यालयले पेश गरेको हाजिरी पुस्तिकाको प्रतिलिपी परीक्षण गर्दा केरमेट तथा हाजिरी सच्चाइएको देखिएकोले उक्त निकासा रकम यथार्थ हो होइन एकिन गर्न सकिएन। पालिकाले यथार्थ हाजिरी विवरणका आधारमा दिवा खाजा निकासा दिनुपर्ने तथा प्रतिलिपी सच्याई माग गर्ने विद्यालयलाई जिम्मेवार बनाउनुपर्दछ। साथै IEMIS को विद्यार्थी संख्या भन्दा बढी विद्यार्थीको हाजिरी पेश गरी दिवा खाजा वापतको रकम भुक्तानी लिएकोले बढि निकासा भएको रकम रु. ५१,३३० सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

विद्यालयको नाम	दिएको दिन	दिनुपर्ने दिन	फरक	EMISमा विद्यार्थी	दर	रकम
विजयपुर मा.वि.	१९०	१८०	१०	१०८	१५	१६२००
मणिलेक मा.वि.	१९६	१८०	१६	८४	१५	२०१६०
कमलपुर मा.वि.	१८४	१८०	४	१२२	१५	७३२०
विशालपुर मा.वि.	१८५	१८०	५	१०२	१५	७६५०
जम्मा						५१३३०

प्रमाण पेश नगरेको	५१,३३०

६७ **तलब वढी निकासा**

स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि यकिन विवरण अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विद्यालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको वुंदा नं २.१ मा व्यवस्था रहेको छ। नगरपालिकामा सञ्चालनमा रहेका कुल ४६ विद्यालयमध्ये नमुना छनौटका आधारमा निम्न विद्यालयको तलव भत्ता निकासाको परिक्षण गर्दा विद्यालयवाट माग भए भन्दा वढि निकासा भएको पाइयो । यसरी माग भन्दा वढि निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असुल गरि सञ्चित कोष दाखिला गर्नुपर्ने रु

विद्यालयको नाम	**त्रैमासिक**	**निकासा भएको रकम**	**निकासा हुनुपर्ने रकम**	**बढी निकासा**	**कैफियत**
मणिलेक मा.वि.	तेस्रो	२९४०१३४	२९३०१३४	१००००	पोषक भत्ता दोहोरो परेको
केदार मा.वि.	दोस्रो	२५६३७८९	२५४५३३८	१८४५१	
धर्मघर मा.वि.	तेस्रो	१९४७६९७	१९३७६९८	१००००	अवकाशलाई पोषक भत्ता
शारदा आ.वि.	पहिलो	४५५४८९	४२२५८७	३२९०२	करारलाई ६ महिना नपुग्दै दशै र अवकाशलाई पोषक भत्ता
	तेस्रो	४५३३१८	४४३३१८	१००००	
जम्मा				८१३५३	

असुल गर्नुपर्ने	८१,३५३

६८ **विद्यालयलाई ल्याब सामग्री अनुदान**

शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वियन पुस्तिका, आ व ०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तहले स्थानीय तहले शैक्षिक सत्र २०७९ बाट कक्षा ९ मा प्राविधिक धार सञ्चालन गर्न केन्द्रबाट अनुदान प्राप्त गर्ने गरी छनोट भएका विद्यालय बाहेक साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने गरी निर्णय भई सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयका लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रू २ लाख रकम उपलब्ध गराउने। विद्यालयले नियमितरूपमा ल्याब सञ्चालन गर्न मर्मत, सम्भार एवम् सामग्रीको व्यवस्था गरी शिक्षक एवम् विद्यार्थीको प्रयोगको व्यवस्था मिलाउने व्यवस्था गरेको छ। पालिकाले भौ.न. ३१०, मिति २०८२।०३।११ मा मणिलेक माध्यमिक विद्यालयलाई प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान रु. २००,००० निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म विल भरपाई तथा प्रतिवेदन पेश नभएकोले अनुदानको सहि सदुपयोग भएको विल भरपाई तथा प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

६९ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र विद्यालयहरुसँग समन्वय गरि मौज्दातको स्थिति समेत एकिन गरि वितरण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । नगरपालिकाले तोकिएको कार्यक्रमलाई प्राप्त रकम खर्च गर्दा कार्यक्रमको कार्यविधिमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ। नगरपालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार स्यानिटरी प्याड खरिद गरि कक्षा ६ देखि १२ कक्षासम्म पढाई हुने विद्यालयहरुलाई निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गर्न भौ नं ३४५ मिति २०८२।०३।१९ मा शिलकोटेशन बाट ए.जि. हेल्थ इण्डाष्ट्रिज प्रा.लि. मार्फत प्रति प्याकेट मुल्य अभिबृद्धि कर समेत रु. २९.७४ का दरले २१८०० प्याकेट रु. ६,४८,३६६ मा बर्षान्तको अन्त्यमा खरिद गरी पालिकाको भण्डारमा मौज्यात राखेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायवमोजिम छनः

क) स्यानिटरीप्याड (वितरणतथाव्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ बमोजिम स्यानिटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र स्यानिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरेको पाईएन । कार्यविधि बमोजिमको व्यवस्था पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

ख) दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने स्यानिटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्यांकसँग भिडाई आवश्यक हुने संख्यामा स्यानिटरी प्याड उपलब्ध गराउनु पर्नेछ व्यस्था रहेकोमा पालिकाले IEMIS तथ्यांकसँग विद्यार्थी संख्या भिडाई आवश्यक स्यानिटरी प्याड उपलब्ध गराएको देखिएन। पालिकाले उल्लेखित व्यवस्थापको परिपालना गर्नुपर्दछ ।

ग) दफा ५ (४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यसव्था रहेकोमा पालिकाले २०८२ असारमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

७० **वढी निकासा**

स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि यकिन विवरण अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागि विद्यालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको वुंदा नं २.१ मा व्यवस्था रहेको छ। साथै वुँदा न. २.२ मा प्राविधिक विद्यालयमा कार्यरत प्राविधिक शिक्षकलाई प्राविधिक भत्ता वापत प्रति महिना रु. ३००० का दरले १० महिनाको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाको प्राविधिक धार संचालित मणिलेक माध्यमिक विद्यालयका देहायका प्राविधिक शिक्षकलाई १० महिना भन्दा बढीको प्राविधिक भत्ता भुक्तानी भएकोले बढि भुक्तानी भएको रु. २७००० रकम सम्वन्धित विद्यालयवाट असुल गरि सञ्चित कोष दाखिला गर्नुपर्ने रु

सि.न.	शिक्षकको नाम	निकासा गरेको प्राविधिक भत्ता	निकासा गर्नुपर्ने प्राविधिक भत्ता	बढी
१	मीन देउवा	३६०००	३००००	६०००
२	पुरुषोत्तम कार्की	३६०००	३००००	६०००
३	प्रदिप भट्ट	३६०००	३००००	६०००
४	हरी विनोद चन्द	३६०००	३००००	६०००
५	सरोज भट्ट	३३०००	३००००	३०००
जम्मा				२७०००

असुल गर्नुपर्ने	२७,०००

७१ **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५०. को २.२ मा शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान प्रत्येक सामुदायिक विद्यालयले बालविकास कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थी संख्या EMIS बाट प्राप्त प्रतिवेदनबाट प्राप्त गरी उल्लेखित दरका आधारमा आवश्यक पर्ने रकम यकिन गरी स्थानीय तहमा माग गर्ने। विद्यालयबाट माग भएको रकम तथा तथ्याङ्क सत्यापन रुजु गरी यकिन विद्यार्थी सङ्ख्या आधारमा उल्लेखित शीर्षक र इकाइ लागत अनुसार रकम हिसाव गरी प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान दिने व्यवस्था छ। विद्यालय व्यवस्थापन समितिले प्राप्त अनुदान रकमको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन कार्यविधिमा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्दा

सघन कार्यक्रम कार्यान्वयनका लागि तोकिएका स्थानीय तहमार्फत विद्यालयका लागि निर्धारण गरिएका विनियोजित रकम अपुग भएमा सो विषयसमेतलाई आधार मानी विद्यालयले आवश्यकताको प्राथमिकीकरण गरी विद्यालय सुधार योजना कार्यान्वियन गर्न विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न आधारभूत शिक्षा (कक्षा १-५) मा बुक कर्नरको व्यवस्था गर्ने यसरी बुक कर्नरको व्यवस्था गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका गणित र पढ़ाई सीपसँग सम्बन्धित सन्दर्भ सामग्री प्रति कक्षा कम्तीमा १ सेट राख्ने, प्रविधिमैत्री वैकल्पिक सिकाइका लागि डिजिटल सिकाइ सामग्रीको व्यवस्था र उपयोग) गर्ने, आवश्यक पूर्वाधार, सामग्री र प्रविधिको प्रयोग (इन्टरनेट र विद्युत जडान र महसुल, डिजिटल सिकाइ सामग्रीको व्यवस्था र उपयोग गर्ने, विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय सेवा/वस्तुको व्यवस्था (पिउने पानी, टेलिफोन, कम्प्युटर, इ-हाजिरी सोलार, ल्याब, मेसिनरी सामान मर्मत, फर्निचर लगायत विद्यालयको सामान्य खालका मर्मत सम्भार आदि) गर्न सक्ने व्यवस्था छ। पालिकाले भौ.न. ३१५, २०८२।०३।११ बाट प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई रु. २५,६२,३५० अनुदान निकासा गरेकोमा उल्लेखित क्षेत्रमा अनुदान उपयोग गर्ने गरी स्थानीय तहले विद्यालयलाई कार्यान्वियन गर्न लगाउनुका साथै सोको सुनिश्चितता गर्नुपर्दछ।

७२ **विद्यालयको शौक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरणएवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्ने मणिलेक माध्यमिक विद्यालयलाई गो. भौ. न. १४७,२०८१। १२।१७ बाट देहायवमोजिमको कार्ययोजना स्विकार गरी रु. ४५,००,००० निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म विल भरपाई तथा प्रतिवेदन पेश नभएकोले अनुदानको सहि सदुपयोग भएको विल भरपाई तथा प्रतिवेदन पेश गर्नुपर्ने रु.

सि.न.	कार्ययोजना	रकम
१	विज्ञान शिक्षक तालिम	२०००००
२	छात्रवृत्ति वितरण	५५००००
३	विज्ञान प्रर्दशनी	८००००
४	विज्ञान विषय सम्बन्धी क्वीज लगायत अन्य अतिरिक्त क्रियाकलाप संचालन	१०००००
५	विज्ञान शिक्षक नेटवर्क गठन	५००००
६	शैक्षिक अवलोकन भ्रमण	४०००००
७	वैठक तथा अन्तक्रिया	५००००
८	विज्ञान तथा प्राविधिक पुस्तकालय व्यवस्थापन	२५००००
९	प्रयोगशाला तथा प्रयोगात्मक सामग्री व्यवस्थापन	६०००००
१०	जनशक्ति व्यवस्थापन	४७००००
११	प्रयोगशालाहरुका लागि फर्निचर व्यवस्थापन	३०००००
१२	विज्ञान विषयका अतिरिक्त कक्षा संचालन	२०००००
१३	वार्षिक भित्तेपात्रो प्रकाशन	२५००००
१४	गुरुयोजना अनुसारको निर्माणधिन पर्खाल निर्माण	१००००००
जम्मा		४५०००००

प्रमाण पेश नगरेको	४५,००,०००

७३ **पाठ्यपुस्तक अनुदानमा बढी निकासा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.१. मा सार्वजनिक विद्यालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वापत शैक्षिक सत्रको शुरुवातमै ७५ प्रतिशत अनुदान निकासा गर्ने र पाठ्यपुस्तक खरिद गरि वितरण भरपाई सहित खरिद गरेको विल भरपाई पेश गरि बाँकी २५ प्रतिशत अनुदान सोधभर्ना गर्नुपर्ने व्यवस्था छ । पालिकाभित्र संचालनमा रहेका ३९ सार्वजनिक विद्यालयलाई निशुल्क पाठ्यपुस्तकको लागि भौ न. १६५,२०८१।१२।२६ र ३६२,२०८२।०३।२० बाट रु ३५०२४६२ अनुदान निकासा गरेकोमा पालिका भित्रका वढी बजेट खर्च भएको विद्यालयको नमुना छनौट गरी पाठ्यपुस्तक बुझेको भरपाई परीक्षण गर्दा निकासा भन्दा कमको विल भरपाई पेश गरेकोले बढी निकासा भएको रकम रु.१३९३७९ असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.१३९३७९

सि.न.	विद्यालयको नाम	निकासा रकम	वितरण भरपाई	बढी रकम
१	दुर्गा मा.वि.	२४९७४७	२४६५०५	३२४२
२	धर्मघर मा.वि.	२२९०८०	२१६७०१	१२३७९
३	विशालपुर मा.वि.	२३७२४३	२१४२८१	२२९६२
४	कमलपुर मा.वि.	२०४०७०	१९०९५०	१३१२०
५	कोल्ताडा आ.वि.	६३८२७	२०२३०	४३५९६
६	प्रतिपुर मा.वि.	१३१८८३	९७८०३	३४०८०
७	कोटेश्वर आ.वि.	८०७४७	७०७४७	१००००
जम्मा				१३९३७९

असुल गर्नुपर्ने	१,३९,३७९

७४ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरुवाट रु. २६,१३,७०८ को औषधी ईविडिङ र कोटेशन द्वारा खरिद गरेको छ। विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वियन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन। पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

गो भौ न ।मिति	आपूर्तिकर्ताको नाम	खरिद विधि	रकम
३२,२०८१।०७।१३	रौलाकेदार मेडिसन सप्लायर्स	इविडिङ	११३७३४८
३७९,२०८२।०३।२२	रौलाकेदार मेडिसिन सप्लायर्स	कोटेशन	४२२२४६
१९,२०८२।०२।२० (पालिका)	भिजन फर्मा	इविडिङ	६८१४२५
३८१,२०८२।०३।२२ (पालिका)	कफलाशैनी मेडिसिन सप्लायर्स	कोटेशनबाट	३७२६८९
जम्मा			२६१३७०८

· औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· औषधी खरिदका लागी लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्विकृत दररेटलाई आधार नलिएको,

· औषधी खरिद गर्दा एकमुष्ठ ईविडिङ नगरि विभिन्न समयमा कोटशन लिने गरेको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार **LMIS** मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७५ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकामा यस वर्ष प्रसुति संख्या २२५ मात्र रहेको अभिलेखबाट देखिन्छ। पालिकामा गत वर्षको ३२५ थान न्यानो झोला मौज्यात रहेकोमा यस वर्ष २२५ थान वितरण गरी १०० थान मौज्यातमा रहेको देखिन्छ । पालिकाले यस वर्ष पनि भौ.न. ३९९,२०८२।०३।२४ मा प्रशन्न गारमेन्टबाट रु. २२३७४० मा २५० थान न्यानो झोला खरिद गरेको देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ साथै लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

७६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका ९ वटा वडामा ९ योजनाहरु सञ्चालन गरी ८१९ सुचिकृत बेरोजगार मध्ये यस वर्ष ७५ जनालाई औसत ६५.७६ दिनले ४९३२ दिन रोजगारी उपलव्ध गराई रु. ३२,२८,७१३ श्रमिक ज्यालामा खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सामाजिक सुरक्षा करः आय कर ऐन, २०५८ को दफा ८७ (१) मा प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ वमोजिमको दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ.न. २१५,२०८२।०२।१२ मा रोजगारी सृर्जना तालिमा सहभागीलाई दैनिक ज्याला भुक्तानी गर्दा सामाजिक सुरक्षा कर १ प्रतिशतले कट्टी गर्नुपर्नेमा सो गरेको देखिदैन। ३६ जनालाई ५० दिनको ६६८ का दरले रु. १२०२४०० भुक्तानी गरेकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर रु. १२०२४ कट्टी नगरेकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,०२४

७७ **भरपाइ पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९.५ मा भर्पाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ ।तर महिला वालवालिका चालु शिर्षकको भौचर नं ३६।२०८२।०३।२५ मा जेष्ठ नागरिक न्यानो कम्मल वितरण गर्नका लागि १६० थान कम्मल रु. ३८०१८२।०० खरिद गरेकोमा वितरण गरेको छैन ।ती समान जेष्ठ नागरिकलाई वितरण गरेको भर्पाई पेश हुनुपर्दछ रु.

प्रमाण पेश नगरेको	३,८०,१८२

७८ **अनुगमन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।अनुसुचीमा तोकिएको वाहेक अनुगमन खर्च पाउने कानुनी व्यवस्था नभएकोमा पालिकाले महिला वालवालिका चालु शिर्षक ७ दिने च्याउखेती तालीममा अनुगमन गरेको भनी देहायका वडा अध्यक्षहरुलाई अनुगमन भत्ता रु.३४००।०० वितरण गरेको देखिएकोले सो भत्ता असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.

सि नं	नाम	रकम
१	शरदसिंह नेगी	८५०
२	कृष्णदत्त भट्ट	८५०
३	तारादत्त भट्ट	८५०
४	हर्क वहादुर चन्द	८५०
जम्मा		३४००

असुल गर्नुपर्ने	३,४००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मेलौली नगरपालिका, बैतडी , मेलौली नगरपालिका , बैतडी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सपना कार्की	२०८०-२-१८	२०८१-८-१७
कार्यालय प्रमुख	नारायण बहादुर चन्द	२०८१-१-१८	२०८२-०५-१९
लेखा प्रमुख	दीपक राज जोशी	२०८१-२-८	२०८२-०५-३१

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७२३,०१९	५,९७२,२९०	६,३५७,४५५	०	०	८३०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३,८८२,७६४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१८,०००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१३,८६४,७६४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६३५०००००४.८४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३०८६९२९७७.४९	चालु खर्च	३३६७६६६८१.४८
प्रदेश सरकारबाट अनुदान	२९६३१७१६	पूँजीगत खर्च	१०८२८७३९०.६
राजश्व बाँडफाँट	८९२४३६४६.३१	वित्तीय/अन्य व्यवस्था	१३६९८७९४३.२७
आन्तरिक आय	४७३२४१६.७		
अन्य आय	१३७०२९३५६.७५		
कुल आय	५६९३३०११३.२५	कुल खर्च	५८२०४२०१५.३५
बाँकी मौज्दात		५०७८८१०२.७४	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।